# महालेखा परीक्षकको कार्यालय
**Office of the Auditor General**
डोरमुकाम, सोलुखुम्बु
अछाबे

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL


पत्र संख्या: ०७४।७५
च.नं. ६९

मितिः २०७४।०५।२५

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुखज्यू,
दुधकोशी गाउँपालिका,
सोलुखुम्बु ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४।०५।२४ मा छलफल पश्चात् तयार गरिएको पाना ४ (चार) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्योट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्योट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(महेश पौड्याल)
निर्देशक

**बोधार्थ तथा कार्यार्थः**
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरवार, काठमाडौं:- प्रतिवेदन संलग्न छ ।

श्री जिल्ला समन्वय समितिको कार्यालय,
सोलुखुम्बु, :- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सोलुखुम्बु :- प्रतिवेदन संलग्न छ ।

# आर्थिक कारोबारको स्थिति

| कार्यालय र स्थान:<br>दुधकोशी गाउँपालिका, सोलुखुम्बु |  | नाम | कार्यरत अवधि |  | बेरुजू रकम |
|---|---|---|---|---|---|
|  |  |  | देखि | सम्म |  |
| आर्थिक वर्ष: | कार्यकारी | श्री अविलाल राई | २०७३/१२/०१ | हालसम्म | ४०८५३४९.५० |
| २०७३।०७४ | लेखा प्रमुख: [redacted]ले.पा | श्री श्याम कुमार खड्का | २०७३/१२/०१ | हालसम्म |  |

## एकिकृत आय व्ययको विवरण
## दुधकोशी गाउँपालिका, सोलुखुम्बु (साविक ४ गा.बि.स)
## आर्थिक वर्ष २०७३/७४

| आयतर्फ | आय |  |  | व्यय |  |  |  | फरक |
|---|---|---|---|---|---|---|---|---|
| गतवर्षको मौज्दात | गाउपालिका | १२/१-३/३० | ४/१-११/३० | गाउँ विकास समिति खर्च (फिर्ता समेत) | गाउपालिका | १२/१-३/३० | ४/१-११/३० |  |
| जुभिङ गा.वि.स. ( हाल वडा नं १) |  |  | ० | जुभिङ गा.बि.स. ( हाल वडा नं १) |  |  |  |  |
| कोष खाताको अ. ल्या. |  | ९१५०० | ० |  |  | ० | ० |  |
| वासा गा.वि.स. (हाल वडा नं. २ र ३) |  |  | ० | वासा गा.वि.स. (हाल वडा नं. २ र ३) |  | ० | ० |  |
| कोष खाताको अ. ल्या. |  | ५५७८४५७.५ | ८१८५०३.५० |  |  | ० | ० |  |
| सञ्चालन अनुदान अ.ल्या. |  | ० | ५२० |  |  | ० | ० |  |
| पूजिगत अनुदान अ.ल्या. |  | ० | १६१८९४० |  |  | ० | ० |  |
| काकु गा.वि.स.( हाल वडा ४ र ५) |  |  |  | काकु गा.वि.स.( हाल वडा ४ र ५) |  | ० | ० |  |
| कोष खाताको अ. ल्या. |  | ३०४३४७.२१ | २९३६५३.२१ |  |  | ० | ० |  |
| सञ्चालन अनुदान अ.ल्या. |  | ६६६ | ० |  |  | ० | ० |  |
| पूजिगत अनुदान अ.ल्या. |  | ३०२००३ | ० |  |  | ० | ० |  |
| वाकु गा.बि.स. (हाल वडा न ६ र ७) |  |  |  | वाकु गा.वि.स. (हाल वडा न ६ र ७) |  | ० | ० |  |
| कोष खाताको अ. ल्या. |  | १६१९८२० | ३१४१६६०.८० |  |  | ० | ० |  |
| सञ्चालन अनुदान अ.ल्या. |  | २१०८००० | ६०० |  |  | ० | ० |  |
| पूजिगत अनुदान अ.ल्या. |  | ० | १४२१८३ |  |  | ० | ० |  |
| यो वर्षको आम्दानी : |  |  | ० |  |  | ० | ० |  |
| जुभिङ गा.वि.स. ( हाल वडा नं १) |  |  | ० | जुभिङ गा.वि.स. ( हाल वडा नं १) |  | ० | ० |  |
| संचालन अनुदान |  |  | ० | प्रशासनिक खर्च |  | ८७६०० |  |  |
| वासा गा.वि.स. (हाल वडा नं. २ र ३) |  |  |  | वासा गा.वि.स. (हाल वडा नं. २ र ३) |  |  |  |  |
| संचालन अनुदान |  | ० | ३६२००० | सामाजिक सुरक्षा |  | ३३०७२०० | १५७३६०० |  |
| जि.वि.स अनुदान |  | ४८७५०० | २१६९४२० | सार्वजनिक निर्माण |  | ३९७७८८० | १९०५६९८ |  |
| सामाजिक सुरक्षा |  | १६५३६०० | १५७३६०० | अन्य |  | ४३१३५० | ४०६५०० |  |
| काकु गा.वि.स.( हाल वडा ४ र ५) |  |  |  | काकु गा.वि.स.( हाल वडा ४ र ५) |  | ० | ० |  |
| संचालन अनुदान |  | १८३००० | ३६२००० | सामाजिक सुरक्षा |  | ५१६८८०० | २५०९६०० |  |
| पुजिगत अनुदान |  | १२१९६८० | २४३९३६० | योजना खर्च |  | १७२२४६० | ३१३०४०० |  |
| सामाजिक सुरक्षा |  | ५१६८८०० | २५०९६०० | अन्य |  | २८४२३६.२१ | ८२७०९७ |  |
| जि.वि.स अनुदान |  | ० | १४६९५०० |  |  | ०.०० |  |  |
| वाकु गा.वि.स. (हाल वडा न ६ र ७) |  |  | ० | वाकु गा.वि.स. (हाल वडा न ६ र ७) |  | ० | ० |  |
| संचालन अनुदान |  | ० | ३६२००० | सामाजिक सुरक्षा |  | ४२१६००० | १९९४२०० |  |
| पुजिगत अनुदान |  | ४४६१९८३ | २८७३६४० | सार्वजनिक निर्माण |  | ४६६२०२५ | २०८०७०० |  |
| सामाजिक सुरक्षा |  | २१०८००० | २०३०४०० | अन्य |  | १८२९७५.०० | ४५०००० |  |
| जि.वि.स अनुदान |  | ० | ४९२००० | सामाजिक सुरक्षा फिर्ता |  | ० | ३६२०० |  |
| संघीय संरचना पूवाधार विकास कार्यक्रम |  |  |  |  |  | ० | ० |  |
| गाउँपालिका अनुदान |  |  | ० | गाउँपालिका अनुदान |  | ० | ० |  |
| चालु | २०००००० |  | ० | चालु | १६१९९२५.१ | ० | ० |  |
| पुजिगत | ८०००००० |  | ० | पुंजगत | ३१९५८७०.६७ | ० | ० |  |
| जि.वि.स बाट प्राप्त | १५२००० |  | ० |  | ० | ० | ० |  |
| जि.स.स. बाट प्राप्त पर्यटन रोयल्टी | ९७५००० |  | ० |  | ४८७५०० | ० | ० |  |
|  |  |  | ० | संचित कोषमा बैंक मौज्दात | ० | ० | ० |  |
|  |  |  | ० | काकु गा.वि.स.कोप खातामा बाकी | ० | ३००० | ६०७०१६.२१ |  |
|  |  |  | ० | जुभिङ गा.वि.स. कोप खातामा बाकी | ० | ३९०० | ० |  |
|  |  |  | ० | वाकु गा.बि.स. खातामा बाकी | ० | १२३६८०३ | ४४८१३८३.८० |  |
|  |  |  | ०' | वासा गा.वि.स. कोप खातामा बाकी | ० | ३१२७.५० | २६५७१८५.५ |  |
|  |  |  | ० | गा.पा.मा आम्दानी अन्य बाकी | ६३९५०० |  |  |  |
|  |  |  | ० | गाउपालिका सञ्चितकोषमा मौज्दात | ५१८४२०४.२४ |  |  |  |
| जम्मा | १११२७००० | २५२८७३५६.७१ | २२६५९५८०.५१ | जम्मा | १११२७००० | २५२८७३५६.७१ | २२६५९५८०.५१ |  |

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## दुधकोशी गाउँपालिका

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th></tr>
<tr><td>१.</td><td>लेखापरीक्षण अवधि : मिति २०७३।४।१ देखि २०७३।११।३० सम्म र २०७३।१२।०१ देखि २०७३।०३।३० सम्मको आर्थिक कारावोरको लेखापरीक्षण साविक गाविस सचिवहरुले तयार गरी पेश गरेको लेखाको आधारमा सम्पन्न भएको छ । गाऊपालिका गठन भएपछि २०७३।१२।१ देखि नयाँ संरचना अनुसारका गाउँपालिकाको जिम्मेवार पदाधिकारीले तयार गरी पेश गरेको आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ ।</td></tr>
<tr><td>२.</td><td>जिन्सी सामानको स्वामित्व : स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बुदाँ नं. ७९ अनुसार गाँउपालिका वा नगरपालिका कायम हुदाँ सो भित्र समाहित भएका साविकका गाँउ विकास समिति वा नगरपालिका वा त्यसको कुनै वडाको कुनै चल, अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएको गांउपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने र सोको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार मसान्त भित्र तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ ।<br>यस गाँउपालिकामा साविकका काँकु, वासा, वाकु र जुभिङ गाँउ विकास समितिहरु समाहित भएकोमा तिनमा रहेको चल, अचल, जिन्सी सामानको अभिलेख राखी तोकिए बमोजिम प्रतिवेदन तयारी गरेको पाईएन । त्यसैले ति निकायमा रहेका जिन्सी सामानको संरक्षणमा तत्काल ध्यान दिनुपर्ने देखिन्छ ।</td></tr>
<tr><td>३.</td><td>आन्तरिक नियन्त्रण : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५.मा आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख तथा बेरुजको लगत अद्यावधिक गरेको छैन । साविकका गा.वि.स. मा भएको जिन्सीको अवस्था देखिने गरी विवरण तयार नभएको साथै जिन्सी बरबुझारथको अभिलेख राखेको देखिएन । जिन्सी सामानको अभिलेख तथा संरक्षण व्यवस्था समेत सुदृढ गर्नुपर्ने देखिएको छ ।<br>साथै दुधकोषिका गाविसको परिषदले स्वीकृत गरेको केही कार्यको भुक्तानी गर्न गाविस सचिवकै नाममा भुक्तानीको चेक काटेको देखिएको छ । भुक्तानी प्राप्त गर्नेकै नाममा एकाउन्टपेयी चेक काटी भुक्तानी हुने व्यवस्था लागु गर्नुपर्दछ ।</td></tr>
<tr><td>४.</td><td>खरिद व्यवस्थापन : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिश्पर्धा सीमित हुने गरी टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले पूजीगत बजेट शिर्षकमा निकाशा भएको रु.८० लाख मध्येवाट रु.३१,९५,०००.०० का सामान पटक पटक गरी खरिद गरेको देखिएको छ । आषाढको अन्तिममा निकाशा प्राप्त भएको तथा आवश्यकताका आधारमा खरिद गरिएको कार्यालयको प्रतिक्रिया छ । खरिद व्यवस्थापनका लागि समय पुग्ने गरी अख्तियारी र निकाशा दिनुपर्ने देखिएको छ । उक्त सामान खरिद सम्बन्धि केही उदाहरण निम्न छन् :
<table>
<tr><th>गो.भौ नं.</th><th>सामानहरु</th><th>रकम</th></tr>
<tr><td>४/०७४/०१/०७</td><td>कम्प्युटर खरिद</td><td>४९८२४९.००</td></tr>
<tr><td>११/०७४/०१/२८</td><td>फर्निचर</td><td>१४१६१०.००</td></tr>
<tr><td>१८/०७४/२/१२</td><td>मेशिनरी औजार</td><td>४१७७१७.००</td></tr>
<tr><td>२०/०७४/०२/१४</td><td>मेशिनरी औजार</td><td>३९३७१४.००</td></tr>
<tr><td>२६/०७४/०२/२६</td><td>मेशिनरी औजार</td><td>११४७७९.००</td></tr>
<tr><td>१०/०७४/०१/२८</td><td>कम्प्युटर खरिद</td><td>१४१६१०.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१७०७६७९.००</td></tr>
</table></td></tr>
<tr><td>५.</td><td>कोष दाखिला : स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा गरिको आदेश, २०७३ को बुदाँ नं. २९ मा आर्थिक बर्षको अन्तमा वडा कार्यालयको खातामा रहेको बाँकी रकम गाँउपालिकाको संचित कोष खातामा जम्मा गर्ने व्यवस्था छ । साविकका देहाय अनुसारको गा.वि.स. को खातामा रहेमो मौज्दात रु. १२,४६,८३०.५० गाउपालिकाको सञ्चित कोष खातामा दाखिला गर्नुपर्ने देखिएको छ ।
<table>
<tr><th>क्र.सं.</th><th>गाविसको नाम</th><th>सञ्चित कोष फिर्ता गर्नुपर्ने रकम</th></tr>
<tr><td>१</td><td>जुभिङ गाविस</td><td>३९००.००</td></tr>
<tr><td>२</td><td>काँकु गाविस</td><td>३०००.००</td></tr>
<tr><td>३</td><td>वासा गाविस</td><td>३१२७.५०</td></tr>
</table></td></tr>
</table>

| | | |
|---|---|---|
| ४ | वाकु गाविस | १२३६८०३.०० |
| | जम्मा | १२४६८३०.५० |

६. **जिम्मेवारी :** वाकु गाविसको २०७३ चैत्र १ मा कोष खाता तथा सञ्चालन अनुदानमा रु ३७,२७,८२०.०० जिम्मेवमरी सरेको देखियो । २०७२ फागुन मसान्तमा जिम्मेवारी सार्नुपर्ने रकम रु ४४,८१,३८३.८० रहेकोमा रु ७,५३,५६३.८० घटी हुनेगरी जिम्मेवारी सारेको सम्बन्धमा बैंक स्टेटमेन्ट तथा नगदि किताब प्रविष्टिको व्यहोरा समेत गर्नुपर्दछ ।

७. **स्रेस्ता प्रमाणित :** साविक गाँऊ विकास समितिको लेखासँग सम्बन्धित स्रेस्ता स्थानीय निकाय अर्थिक प्रशासन नियमावली, २०६४ ले तोके अनुसार जिम्मेवार पदाधिकारीले प्रमाणित गरी राख्नु पर्ने व्यवस्था छ । केही गाविसले लेखासँग सम्बन्धित कतिपय प्रमाण कागजातहरु सम्बन्धित पदाधिकारीबाट प्रमाणित गरेको देखिएन । तोके बमोजिम प्रमाणित कागजात राखी स्रेस्ता अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

**साविकको वाकु गा.वि.स.(हाल गा.पा. वडा नं. ६ र ७) प्रमुख श्री पशुपति पोखरेल**

८. **पेश्की:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ मा पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । गा.पा वडा नं. ६ र ७ (साविकको वाकु गाविस)ले निम्न अनुसारको पेश्की दिईएको रु. १४,७०,०००.०० पेश्की फछ्र्यौट गरेको पाइएन । नियमाननुसार पेश्की अशुल फछ्र्यौट हुनुपर्दछ ।

| क्र.स. | पेश्की विवरण | रकम (रु) |
|---|---|---|
| १ | सगरमाथा मा.वि. प्र.जि.अ. श्री महल सि राई | १२०००००.०० |
| २ | गा.वि.स. भवन रङरोगन  वाफत श्री मिन बहादुर कार्की | १५०००००.०० |
| ३ | आईलम पिक आधारभुत विद्यालय | ६००००.०० |
| ४ | जलेश्वरी आ.वि. मर्मत श्री होम बहादुर मगर | ६००००.०० |
| | जम्मा | १४७००००.०० |

९ **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा जिन्सी सामानको विवरण सहित आम्दानी बाँधि अभिलेख अद्यावधिक राख्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न समयमा जिन्सी सामानहरु खरिद गरेकोमा जिन्सी खातामा दाखिला भएको देखिएन । देहाय अनुसारको रु.२,५०,०००।०० को सामान दाखिला गरेको प्रमाण पेश हुनुपर्छ ।

| क्र.स. | जिन्सी सामान | रकम (रु) |
|---|---|---|
| १ | मोटरसाईकल | २५००००.०० |
| | जम्मा | २५००००.०० |

**साविकको वासा गा.वि.स.(हाल गा.पा. वडा नं. २ र ३) वडा सचिव श्री खिलराज अधिकारी**

१० **पेश्की:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ मा पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । साविकको वासा गाविस तथा हाल वडा नं. २ र ३ बाट निम्न अनुसारको पेश्की दिईएको रु.१,१५,०००।०० पेश्की फछ्र्यौट गरेको पाइएन । नियमानुसार पेश्की अशुल फछ्र्यौट हुनुपर्दछ ।

| क्र.स. | पेश्की विवरण | रकम (रु) |
|---|---|---|
| १ | जितेन्द्र कुमार यादव | २००००.०० |
| २ | चन्द्रोदय प्रा.वि. | ९५०००.०० |
| | जम्मा | ११५०००.०० |

११ **जिन्सी दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा जिन्सी सामानको विवरण सहित आम्दानी बाँधि अभिलेख अद्यावधिक राख्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न समयमा जिन्सी सामानहरु खरिद गरेकोमा जिन्सी खातामा दाखिला भएको देखिएन । देहाय अनुसारको रु.२,५०,०००।०० को सामान दाखिला गरेको प्रमाण पेश हुनुपर्छ ।

| क्र.स. | जिन्सी सामान | रकम (रु) |
|---|---|---|
| १ | मोटरसाईकल | २५००००.०० |
| | जम्मा | २५००००.०० |

अन्य उल्लेखनीय व्यहोराहरु नदेखिएको ।

## स्रोत उपयोग र उपलब्धिको विवरण

| क.सं. | स्रोत | मुख्य उपलब्धिहरु |
|---|---|---|
| १<br>२<br>३ | बजेट विनियोजन रु ५,९०,७३,९३७२२<br>कर्मचारी संख्या : ९ जना<br>भौतिक पूर्वाधार:<br>• भवन संख्या : ३ ओटा<br>• सवारी साधन संख्या : ४ मो.सा. | बजेट खर्च : ५,२०,०३,४०२.४८<br>स्थानीय तहको आम्दानी : नभएको ।<br>धरौटी आम्दानी : नभएको ।<br>कार्यक्रम उपलब्धि<br>• अभिमुखिकरण तालिम सञ्चालन गर्ने<br>• सामान खरिद गरेको छ<br>• सामाजिक सुरक्षा भत्ता<br>• निर्माण सम्बन्धि कार्य<br>• स्थानीय सरकारको कार्य<br>• स्थानीय स्तरमा पूर्वाधार विकास, क्षमता अभिवृद्धि । |

## बेरुजू वर्गीकरण

| क.सं. | बेरुजू वर्गीकरण | दफा नं. | रकम |
|---|---|---|---|
| १ | असुल गर्नुपर्ने | | |
| २ | नियमित गर्नुपर्ने | | |
| | • अनियमित भएको | | |
| | • प्रमाण कागजात पेस नभएको | ५, ६, ९ र ११ | २५००३४९.५० |
| | • जिम्मेवारी नसारेको | | ० |
| | • शोधभर्ना नलिएको | | ० |
| ३ | पेश्की: | | ० |
| | • कर्मचारी | १० | २००००.०० |
| | • मोबिलाइजेसन | | ० |
| | • प्रतीतपत्र | | ० |
| | • संस्थागत | ८ र १० | १५६५०००.०० |
| ४ | सैद्धान्तिक | १, २, ३, ४ र ७ | ० |
| | जम्मा | | ४०८५३४९.५० |

*द्रष्टव्य: कार्यान्वयन गर्नुपर्ने र रकम खुल्ने दफालाई लगति र अन्य दफालाई सैद्धान्तिक बेरुजू कायम गरिएको छ ।*